मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

वाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

प.सं : २०७७/७८
च.नं :

मितिः २०७७/११/२५

**बेरोजगार दर्ताका लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हक सम्बन्धि ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को दफा १८ बमोजिम आर्थिक बर्ष २०७८/७९ मा न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ बर्ष भित्रका अति विपन्न तथा जिवनयापन जोखिममा परेका बेरोजगार व्यक्तिहरुले चैत १५ गते भित्र आफुले स्थाइ रुपमा बसोबास गरिरहेको सम्बन्धित वडा कार्यालयमा गइ निवेदन दिनुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ। बेरोजगार व्यक्तिले बेरोजगारको सुचिमा दर्ता हुनका लागि दिने निवेदन यस गाउँपालिकाको सबै वडा कार्यालयहरुमा उपलब्ध छ। साथै उक्त निवेदनको संशोधित ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np मा उपलब्ध छ।

निवेदनको साथमा तपशिल बमोजिमका कागजातहरु अनिवार्य संलग्न गर्नु हुन अनुरोध गरिन्छ।

**तपशिल**

१. निवेदन दिने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतीलिपी
२. निवेदन दिने व्यक्तिको पासपोर्ट साइजको फोटो १ प्रती
३. पारिवारिक विवरण अनिवार्य खुलाउनुपर्ने हुदा परिवारका सम्पुर्ण सदस्यको नागरीकता प्रमाणपत्रको प्रतीलिपी, महिला तथा पुरुषको संख्या तथा नागरिकता नबनेकाको हकमा जन्मदर्ताको प्रतीलिपी ।
४. परिवारमा अपांगता भएको सदस्य भएमा अपांगताको प्रकृती खुल्ने प्रमाणपत्रको प्रतीलिपी
५. आवेदकले हासिल गरेको सिप भएमा सिप सम्बन्धी प्रमाणपत्रको प्रतीलिपी ।

राजेन्द्र आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशाशकिय अधिकृत